आज मिति २०७४ साल माघ १२ गतेका दिन यस कोहलपुर नगरपालिका प्रमुख श्री जुट बहादुर रावत ज्यूको अध्यक्षतामा तपसिलका व्यक्तिहरुको उपस्थितिमा निम्न बमोजिम प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

तपसिल

१. श्री जुट बहादुर रावत, प्रमुख कोहलपुर नगरपालिका
२. श्री प्रेम प्रसाद टेककोटा, प्र.प्र.अधिकृत " "
३. श्री राजेन्द्र सिंह खड्का, प्रमुख, क्षेत्रीय ट्राफिक प्रहरी का. कोहलपुर
४. श्री दलराज हमाल, प्रमुख इलाका प्रशासन कार्यालय कोहलपुर
५. श्री यज्ञ प्रसाद भट्टराई, प्रमुख, इलाका प्रहरी कार्यालय कोहलपुर
६. श्री चक्र बहादुर शाही, अध्यक्ष, उद्योग वाणिज्य संघ कोहलपुर
७. श्री गौरी कान्त आचार्य, सदस्य, नगर विकास समिति कोहलपुर
८. श्री केसु थापा, सदस्य, कोहलपुर न.पा. वडा नं. ११
९. श्री संगिता सुवेदी, सदस्य, उद्योग वाणिज्य संघ कोहलपुर
१०. श्री बुद्धिमान विष्ट, ना.प्र. कोहलपुर नगरपालिका
११. श्री कृष्ण बी. खड्का, अध्यक्ष कोहलपुर न.पा. वडा नं. १२
१२. श्री निम ब. चलाउने, अध्यक्ष " " " १०

प्रस्ताव तथा निर्णयहरु :

१. सडक फुटपाथका पसल, टहरा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १ को प्रस्ताव नं. माथि छलफल गर्दा यस कोहलपुर नगरपालिका चोक सडक छेउछाउ किनारामा संचालनमा भइरहेका कपडा पसल, फलफुल व्यापार, चिया नास्ता पसल लगायतका क्रियाकलाप जो सडक किनारमा आवतजावत गर्न असहज अवस्था सिर्जना भएको, सडक दुर्घटना वृद्धि भएको, बजारको सुन्दरतामा आँच पुऱ्याएका कारण मिति २०७४ माघ १४ गते माइकिङ द्वारा सडक छेउछाउमा संचालनमा रहेका पसल, ठेला, टहरा आदि हटाउन कालागी ३ तिन दिने सुचना जारी गर्ने र १५ र १६ गते सरोकारवाला सबैको समन्वयमा उक्त क्षेत्रमा अनुगमन गरी सडक किनारका अस्तव्यस्त रुपमा संचालनमा रहेका टहरा, पसल र ठेला आदि हटाई सो व्यवस्थापन गर्ने निर्णय गरियो । साथै यस भन्दा पूर्व सुचना जारी हटाउन भनि जानकारी गराउँदा पनि आफैं आफै नहटाइएका रहेका टहराहरु सरोकारवाला सबैको सहकार्यमा लिखित रुपमा कागज गराई हटाउने निर्णय गरियो ।